# स्थानीय राजपत्र

सन्धिखर्क नगरपालिका अर्घाखाँचीद्वारा प्रकाशित

खण्ड ४, संख्या २४,मिति २०७७/०९/०९


# भाग२-

# सन्धिखर्क नगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सन्धिखर्क नगरपालिकाको नगरकार्यपालिकाले बनाएको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि ,२०७७सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

पारित मितिः२०७७/९/८

प्रस्तावनाः समाजमा बढदै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वाञ्छनीय देखिएकाले लैंगिक हिंसा निवारण कोष सञ्चालन नियमावली, २०६७ लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी कार्यविधि, २०७६ को अधीन एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी सन्धिखर्क नगरपालिकाले लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,२०७७ जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि,२०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "कार्यालय" भन्नाले सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(२) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(३) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(४) स्थानीय तत्काल उद्धार तथा राहत समितिू भन्नाले उपदफा ८ बमोजिमको .स्थानीय उद्धार तथा राहत समिति सम्झनुपर्छ ।

(५) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल,सार्वजनिक स्थल, घरपरिवार, समाजमा हुने शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यव्यवहार , सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

(६) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य, सामाजिक तथा आर्थिक यातना सम्झनुपर्दछ।

३. **कोषको स्थापनाः**

(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहायबमोजिमका रकमहरु रहनेछन्ः-

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) सन्धिखर्क नगरपालिकाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ/संस्थाबाट प्राप्त रकम,

(घ) विभिन्न संघ /संस्था वा व्यक्तिबाट सहयोगस्वरुप प्राप्त रकम,

(ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त व्याज रकम

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम बैकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

४. **कोषमा रकम जम्मा गर्नेः** महिला हकहितको संरक्षणका लागि नगरपालिकाले नगरपालिकाको कुल वार्षिक बजेटको

तोकेबमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नुपर्नेछ।

५. कोषको उपयोगः (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजी (सिडमनी) को रूपमा प्रयोग गर्न,

(च) पुर्नस्थापना गराउन ,

(छ) अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र सञ्चालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र सञ्चालनको लागि रकम प्रदान गर्न ,

(ज) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित नेपाल बाहिर रहेको महिला पुरुष, बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका

व्यक्तिलाई प्राथामिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने**ः (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. **कार्यालयलाई रकम उपलब्ध गराउने**ः पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकासा दिनेछ ।

८. **स्थानीय उद्धार तथा राहत समितिको गठनः**

(१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागि स्थानीय उद्धार तथा राहत समिति रहनेछ ।

(२) स्थानीय उद्धार तथा राहत समितिको गठन देहायबमोजिम हुनेछः-

(क) नगर उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) कार्यपालिका सदस्य कम्तिमा एक जना महिला सहित २ जना सदस्य -सदस्य

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना -सदस्य

(च) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख -सदस्यसचिव

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(५) समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **स्थानीय उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकारः**स्थानीय उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) स्थानीय तहमा लैङ्गिक हिँसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरुबीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए, सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खानाखर्च बापत र बास बस्नुपर्ने भए सो बापत छुटै रकम दिने ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च , अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा वढीमा ३ दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने ,

(ग) कानूनी सहायता , मनोवैज्ञानिक उपचार वा मनोपरामर्शका लागि ५ हजार रुपैयाँमा नवढ्ने गरी लागेको यथार्थ खर्च ,

(घ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजीको वस्तुगत तथा नगद अनुदानसमेत गरी बढीमा बीस हजार रुपयाँ,

(ङ) पुनरस्थापनाका लागि बढिमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपदफा (१) बमेजिमको रकम पर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा स्थानीय उद्धार तथा राहत समितिले त्यस्तो पीडितलाई बढीमा दुई हजार रुपिया थप गरी दिन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई सम्बन्धित वडा कार्यालय वा न्यायिक समितिको सिफारिससहित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले दफा १० को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा पीडितलाई रकम उपलब्ध गराउनुपर्ने मनासिब आधार नदेखिएमा समितिले सोको जानकारी निवेदकलाई गराउनुपर्नेछ।

**१२. तत्काल रकम उपलब्ध गराउन सक्नेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनरस्थापनाका वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु

१०,०००। (रु दश हजार मात्र ) नबढ्ने गरी मनासिब रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी स्थानीय उद्धार तथा राहत समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएमा त्यसरी उपलब्ध गराइएपछि बस्ने स्थानीय उद्धार तथा राहत समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनुपर्नेछ।

**१३. थप रकम निकासा माग गर्न सक्नेः** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई स्थानीय उद्धार तथा राहत समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा नगरपालिकाले आवश्यता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१४. छुटै खाता खोल्नु पर्नेः** (१) कोषको रकम सन्धिखर्क स्थित राष्ट्रिय बाणिज्य बैंकमा छुटै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**१५. कोषको लेखा र लेखापरीक्षणः** (१) कोषको आय व्ययको लेखा प्रचलत कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१६. **आवर्ति (रिभल्भीङ) कोषः** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१७. **प्रतिवेदन पेश गर्नेः** (१) राहत समितिले प्रत्येक ३ महिनामा (आवश्यकता अनुसार) सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिबेदन कार्यापालिकालाई बुझाउनुपर्नेछ ।

(२) कार्यालयले बार्षिक रुपमा प्रतिबेदन सार्वजनिक गर्नुपर्नेछ ।

१८. **बैठक भत्ताः** कोषमा पर्याप्त रकम भएमा सञ्चालक समितिको अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत नगरकार्यपालिकाले तोकेबमोजिमको बैठक भत्ता पाउने छन ।

१९. **निर्देशन दिन सक्नेः** . कार्यपालिकाले स्थानीय उद्धार तथा राहत समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२०. **अधिकार प्रत्यायोजनः** समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगरकार्यपालिकाकले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्नेछ ।

२१. **कोष खारेज हुन सक्नेः** (१) कुनै कारणबश कोष सञ्चालन आवश्यक नदेखिएमा नगरकार्यपालिकाको निर्णयबाट उक्त कोष खारेज गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरपालिकाको बैठकबाट हुनेछ ।

(३) कार्यविधि अनुसारको निर्देशन पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

**अनुसूची-१**
**(दफा ११ सँग सम्बन्धित)**
**विषयः सहयोग उपलब्ध गराई पाउँ ।**

श्री अध्यक्षज्यू,
स्थानीय उद्धार तथा राहत समिति
म............................................बस्ने............................................वर्ष.................. ..................... मिति........................................................ मा लैङ्गिक हिंसा पीडित भएको छु। मेरो अर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (........................................................) भएको कारणले मेरो मानसिक, शारीरिक, सामाजिक तथा आर्थिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार र कानुनी सहायता एवं परामर्श र उद्धार र मनोपरामर्श स्वरोजगार र पुनरस्थापना अन्य ............................................................... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनुहुन यो निवेदन पेस गरेको छु ।

निवेदकको
नाम थरः
ठेगानाः
दस्तखतः
मितिः
प्रमाणीकरण मितिः २०७७/९/९

आज्ञाले
कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत